नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**टेकु, काठमाण्डौ**

फोन नं: ०१-४२५५७९६
फ्याक्स: ०१ -४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु,
काठमाण्डौं, नेपाल

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

पत्र संख्या ०७४/०७५
च.न.:

मिति :२०७४/०९/२३

## जानकारी सम्वन्धमा

**यस बर्षको जाडोयाममा हिमाली, पहाडी तथा तराईका जिल्लामा जाडो र शीतलहरका कारण हुने रोगको प्रकोप देखा पर्ने क्रम जारी रहेकोमा हाल हुम्ला र जाजरकोट जिल्लामा भाईरल ज्वरो लगायत अन्य रोगका कारण मृत्यु भएको भनी विभिन्न राष्ट्रिय स्तरका पत्र पत्रिकामा आएको समाचारका सम्बन्धमा प्रकोप व्यवस्थापनका लागि गरिएका कार्यहरुको विवरण तपशिल बमोजिम छ ।**

### जाजरकोट

१. मिति २०७४।०९।१७ गते जुनी चाँदे गा.पा.-२, मझकोट, र छेडागाड न.पा.मा भाईरल ज्वरोको प्रकोप देखा परेको वडाध्यक्ष राम बहादुर वि.क.द्धारा २०७४।०९।२० गते जिल्ला स्वास्थ्य कार्यालय, जाजरकोटलाई जानकारी गराएको ।

२. जिल्ला स्वास्थ्य कार्यालय, जाजरकोटका RRT Focal Person कृष्ण बहादुर खत्रीको नेतृत्वमा प्रभावित गा.पा.मा आवश्यक औषधि सहित मिति २०७४।०९।२१ गते स्वास्थ्यकर्मीको टोली नियन्त्रणको लागि परिचालन गरिएको । मिति २०७४।०९।२२ गते परिचालित टोलीद्धारा आवश्यक सूचना र विवरण संकलन गरी १३८ जना रुघाखोकीका विरामीहरुको उपचार गरेको ।

३. यस बर्ष विगतको भन्दा बढी चिसो भएको कारणले विरामीको संख्या गत साल भन्दा बढी देखिएको कुरा परिचालित स्वास्थ्यकर्मीको टोली र स्थानीय स्वास्थ्यकर्मीबाट जानकारी प्राप्त ।

४. मिति २०७४।०९।०५ गते देखि २०७४।०९।२२ सम्म ९ जनाको मृत्यु भएको भनी विभिन्न संचार माध्यमबाट जानकारी प्राप्त भएकोमा स्थानीय स्वास्थ्यकर्मीबाट जानकारी प्राप्त भए अनुसार २०७४।०९।१० गते देखि आज २३ गतेसम्म जम्मा ५ जनाको मृत्यु भएको जसमध्ये १ जना ८ दिनको बच्चा र बाँकी ४ जना ५२ देखि ७२ बर्षसम्मका रहेका । प्राप्त प्रारम्भिक जानकारी अनुसार निजहरुको मृत्यु रुघाखोकी र ज्वरोको कारणले नभई अन्य कारणबाट मृत्य भएको । Verbal Autopsy पश्चात मात्र मृत्युको कारण यकिन गर्न सकिने भएकोले खटिएको टोलीले मृत्युको कारण पत्ता लगाउन सो कार्य गरिरहेको ।

५. प्रभावित स्थानमा स्वास्थ्यकर्मीको ३ वटा टोली बनाई प्रकोप व्यवस्थापन कार्य भईरहेको ।

### हुम्ला

१. हुम्ला जिल्लाको ताजाकोट गा.पा.-५ र रोडिकोट गा.पा.-७ मा केही संचार माध्यमबाट रुघाखोकीको प्रकोप फैलिई ६ जनाको मृत्यु भएको भन्ने समाचारका सम्बन्धमा मिति २०७४।०९।१९ गते जिल्ला स्वास्थ्य कार्यालय, हुम्लाबाट डा. नविन रोकाया सहितको ५ जनाको स्वास्थ्यकर्मीको टोली नियन्त्रणको लागि आवश्यक पर्ने औषधि सहित प्रभावित

निर्देशक

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
**स्वास्थ्य सेवा विभाग**
**इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा**
**टेकु, काठमाण्डौ**

फोन नं: ०१-४२५५७९६
फ्याक्स: ०१ -४२६२२६८
Email: ewarsedcd@gmail.com
Website: edcd.gov.np
पचली, टेकु,
काठमाण्डौं, नेपाल

पत्र संख्या
च.न

नेपाल सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य सेवा विभाग
टेकु, काठमाडौं

स्थानमा परिचालन गरिएको र सो टोलीबाट मिति २०७४।०९।२० र २१ गते स्वास्थ्य शिविर संचालन गरी सर्केगाड-७, राहदेउ, फुचा, रोडिकोट ठुलागाउँ, कार्कीवाडा, र रोडिकोट स्वास्थ्य चौकीमा गरी जम्मा ३३५ जनां मध्ये रुघाखोकी र ज्वरोबाट प्रभावित १२५ जना र अन्य रोगबाट प्रभावित २१० जना गरी विरामीको उपचार गरिएको ।

२. मिति २०७४।०९।१३ देखि १६ गतेसम्म दम,ज्वरोबाट, रोडिकोट वडा नं. ७ र ८ मा ८८ बर्ष देखि ९१ बर्षसम्मका ४ जना र ताँजाकोट गा.पा.वडा नं ९ मा ८० बर्षका १ जना गरी जम्मा ५ जना र मिति २०७४।०९।१६ र १७ गते Chronic Abdominal Pain बाट रोडिकोट -८ का १५ बर्षका १ जना र टि.बि.को कारणबाट ताँजाकोट-५ का २५ बर्षका व्यक्तिको मृत्यु भएको तर रुघाखोकी ज्वरोको कारणबाट हालसम्म कसैको पनि मृत्यु नभएको ।

३. मध्यपश्चिमाञ्चल क्षेत्रिय स्वास्थ्य निर्देशनालय, सुर्खेतबाट प्रभावित जिल्लाहरुको आवश्यक अनुगमन तथा निगरानी गरिरहेको र आवश्यक औषधी तथा स्वास्थ्यकर्मीहरु समेत परिचालन गर्नको लागि तयारी अवस्थामा रहेको ।

प्रभावित स्थानमा  क्षेत्रीय स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय मार्फत स्वास्थ्य सेवा विभाग, ईपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा निरन्तर सम्पर्क र समन्यवमा यस्ता प्रकोप व्यवस्थापन कार्य भइरहेको । जिल्ला बाट थप औषधि र जनशक्ति माग भएमा सो को व्यवस्थापनका लागि स्वास्थ्यकर्मी टोली तयारी अवस्थामा रहेको साथै मिति २०७४।०९।२३ गतेबाट यस महाशाखाबाट २ जना स्वास्थ्यकर्मीलाई प्रकोप व्यवस्थापनका लागि आवश्यक औषधि सहित घाँटीको र्‍याल तथा रगतको नमुना संकलन गरी लिई आउन खटाईएको ।

जिल्ला तथा स्थानीय स्वास्थ्य संस्थाबाट खटिएको स्वास्थ्यकर्मीको टोलीले प्रकोप व्यवस्थापन कार्य गरिरहेको र हाल प्रकोप नियन्त्रणको क्रममा रहेको । स्वास्थ्यकर्मीको टोली पुगी उपचार व्यवस्थापन कार्य शुरु गरे पश्चात कसैको मृत्यु नभएको ।

रुघाखोकी र ज्वरोबाट बच्ने उपाय बारेमा स्वास्थ्यकर्मीबाट स्वास्थ्य शिक्षाका सन्देश तथा सूचनाहरु प्रवाह भईरहेको ।

प्रकोप व्यवस्थापनका लागि आवश्यक पर्ने औषधि मौज्दातमा रहेको र औषधिको अभाव भएमा यस महाशाखा वा क्षेत्रीय मेडिकल स्टोरबाट माग गर्न सम्बन्धित जिल्लालाई निर्देशन दिईएको ।

.....................................
डा. भीम आचार्य
निर्देशक